# नेपाली चिया अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अब्बल

नेपालका चिया बगानमा उत्पादन भएको अर्गानिक चिया अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अब्बल ठहरिएको छ। चीनको टी मार्केटिङ एसोसिएसनले आयोजना गरेको चियाको गुणस्तर मूल्यांकनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको चियाले 'ग्रान्ड गोल्ड मेडल÷ प्राप्त गरेको छ।

चीन, भारत, श्रीलंका, केन्यालगायत मुलुकमा उत्पादन भएका चियाका सयौं नमुना प्रतिस्पर्धामा सहभागी थिए। प्रतिस्पर्धाबाट इलामको तीनजुरे किसान सहकारी संस्थाले उत्पादन गरेको चियाले 'ग्रान्ड गोल्ड मेडल प्राप्त गरेको छ।

प्रतिस्पर्धामा किसान चिया उत्पादक उद्योग, हिमालयन सांग्रिला चिया उत्पादक, गोरखा टी स्टेट प्रालि, सिद्धदेवी चिया स्टेट प्रालि, कञ्चनजंघा अर्गानिक अर्थोडक्स चिया उद्योगले गोल्ड मेडल प्राप्त गरेको छ।

नेपालमा करिब १७ हजार हेक्टरमा चियाखेती हुन्छ। वार्षिक २३ हजार ७ सय ४५ मेट्रिक टन चिया उत्पादन हुन्छ। चियामा १७ हजारभन्दा बढी किसान आबद्ध छन्। ६० हजारभन्दा बढी श्रमिकले चियाको मूल्य शृंखलामा काम गरेका छन्। मुलुक अधिकांश कृषिजन्य वस्तुमा परनिर्भर रहेको अवस्थामा चियामा भने आत्मनिर्भर छ। नेपालबाट करिब पौने चार अर्ब रूपैयाँको चिया वार्षिक निर्यात हुने गरेको छ। मुलुकमा व्यापार घाटा बढिरहेको बेला चियाको निर्यातले केही राहत पुगेको छ।